# वेदकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

पं.सं.२०८२/८३

च. नं.:

### सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।०७।२१)

२०८२/०८३ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गत म स्वास्थ्य, मेरो समुदाय स्वस्थ्य: घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम वेदकोट नगरकार्यपालिकाको कार्यालयका लागि देहायको पदमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको राजस्व बुझाई यस नगरकार्यपालिकाको कार्यालयमा दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेवसाइट www.bedkotmun.gov.np बाट उपलब्ध गर्न सकिने छ ।

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| सि. न. | विज्ञापन नं. | सेवा/समुह | पद | तह | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २-२०८२/०८३ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | १ (एक) | रु १०००।- | |

आवश्यक न्युनतम योग्यता

- मान्यता प्राप्त शिक्षण सस्थाबाट जनस्वास्थ्य संकायमा स्नातक तह ( BPH) उर्तिण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता वा नवीकरण हुनुपर्ने छ ।
- दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४५ बर्ष ननाघेको) हुनु पर्ने छ
- दरखास्त दिने स्थान वेदकोट नगरकार्यपालिकाको कार्यालय सिसैया, कन्चनपुर ।
- दरखास्त दिने अन्तिम मिति :- सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

दरखास्त सँग सलग्न हुनु पर्ने कागजातहरु- आवेदकले स्वयंम प्रमाणित गरेको देहायका कागजातहरुको प्रतिलिपि

- नेपाली नागरिकताको प्रमाणपत्र।
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र ।
- परिषद्मा दर्ता भएको प्रमाणपत्र ।
- कामसँग सम्बन्धित अनुभव भए सोको कागजात ।
- २ प्रति पासपोर्ट साइजको फोटो ।
- छनौटको किसिम: संक्षिप्त सूचि, लिखित परीक्षा र अन्तरवार्ता ।
- सेवा सुविधा: सम्बन्धित कार्यक्रममा तोकिए बमोजिम हुनेछ ।
- पाठ्यक्रम लोक सेवा आयोगले सम्बन्धित तहको लागि तोकेको पाठ्यक्रम बमोजिम ।
- परीक्षमा मिति: यस कार्यालयको सूचना पाटी र वेवसाइटमा पछि प्रकाशित गरिने छ ।
- सेवा करार अवधि: आ.व.२०८२/०८३ को असार मसान्त सम्म ।